Standard Chartered

Standard Chartered Bank Nepal Limited

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

# स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको ३१औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

मिति **२०७४ पुष ३** मा बसेको यस बैंकको सञ्चालक समितिको **३६३औ** बैठकले निर्णय गरे अनुसार यस बैंकको **३१औं वार्षिक साधारण सभा** निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सभा हुने मिति, समय र स्थानः

**सभा हुने मिति : २०७४ साल पुष २६ गते (१० जनवरी २०१८), बुधबार ।**

**सभा सुरू हुने समय : दिउँसो १:०० बजे ।**

**स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाण्डौ ।**

सभा ठीक समयमा सुचारू रूपले संचालन गर्नको लागि उपस्थिति पुस्तिका बिहान ११.०० बजे देखि खुला राखिने छ ।

## छलफलको विषय

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७३/०७४ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३१, २०७४ मा समाप्त भएको वर्षको वासलात, तथा सोही मितिमा समाप्त भएको आ.व. २०७३/०७४ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रू. ५.२६ (अक्षेरुपी पाँच रुपैया छब्बिस पैसा) का दरले नगद लाभांश (कर प्रयोजनको लागि) स्वीकृत गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७४/०७५ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिश मुताबिक लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने । (बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३(२) अनुसार वर्तमान लेखापरीक्षक पुनः नियूक्त हुन सक्नेछ)

५. सर्वसाधारण शेयरधनीहरूको तर्फबाट बैंकको संचालक समितिमा प्रतिनिधित्व गर्ने एक जना संचालकको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव**

१. बैंकको अधिकृत पूँजी वृद्धि गरी रू. ९,०००,०००,००० (अक्षरेपी नौ अर्ब रूपैयाँ) पुऱ्याउन स्वीकृत गर्ने ।

२. बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गरी रू. ८,०११,४३०,६६७ (अक्षरेपी आठ अर्ब एक करोड चौध लाख तिस हजार छ सय सड्सठ्ठी मात्र) पुऱ्याउन १०० प्रतिशत (अर्थात प्रत्येक १ शेयर बराबर १ शेयर) को अनुपातमा बोनश शेयर जारी गर्न स्वीकृत गर्ने र सो गर्दा बैंकको पूँजी समेत बृद्धि हुने हुँदा सो को लागि प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) समेत संशोधन गरी जारी पूँजी तथा चुक्ता पूँजी समेत बृद्धि गर्ने ।

३. प्रबन्धपत्रको दफा ४, दफा४ (क) देखि (ष) सम्म, दफा ५ (क), (ख), (ग) र (घ), दफा ७ (ग), दफा ७ (ज) र दफा ११ मा संशोधन गर्ने र दफा ७ (ग १) नयाँ व्यवस्था थप गर्ने ।

४. नियमावलीको नियम ६(९), नियम ८(१) देखि ८(४) सम्म, नियम १० (१), १०(५), १०(६), नियम ११(१), नियम १३(२), नियम १५, नियम १६(१), १६(२), नियम १७, नियम २०(३), नियम २०(५), नियम ३४(१) र (२), नियम ३८(३) र नियम ४४(१) मा संशोधन गर्ने ।

५. प्रबन्धपत्र तथा नियमावलीको बिभिन्न दफा तथा नियमहरूमा रहेको "बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३" लाई "बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३" गरी संशोधन गर्ने ।

६. विशेष प्रस्तावका संशोधनहरूबाट प्रबन्धपत्र र नियमावलीमा भएका संशोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताबिक संशोधन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने ।

**ग. विविध**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. सभामा उपस्थित हुने शेयरधनीहरूले प्रवेश-पत्र वा आफ्नो कुनै एक सक्कल शेयर प्रमाण-पत्र वा बैंकको शेयर अभौतिकीकरण गरेको देखिने अभौतिकीकरण खाताको विवरण (डि. पि. नम्बर तथा ग्राहक नम्बर) साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध गर्दछौं ।

२. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रतिनिधि-पत्र (प्रोक्सी फारम) भरी बैंकको शेयर शाखा, नयाँ बानेश्वर, काठमाण्डौमा सभा शुरू हुनुभन्दा कम्तिमा ९६ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुनु आवश्यक छ ।

३. प्रतिनिधि नियुक्त गरी सक्नुभएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गर्नुभएमा प्रोक्सी दिइसकेको भए पनि त्यस्तो प्रोक्सी स्वतः बदर हुनेछन् ।

४. एकभन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र सभामा भाग लिन सक्नुहुनेछ ।

५. एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुभएको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि-पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि-पत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भनी छुट्टै पत्र लेखी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै बैंकको मुख्य कार्यालय, नयाँ बानेश्वरमा पठाएको अवस्थामा अन्य सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरू बदर भई सोही पत्र साथ प्राप्त प्रतिनिधि-पत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । सो बमोजिम नगरी एकै शेयरधनीले एकभन्दा बढी व्यक्तिहरूलाई प्रतिनिधि-पत्र (प्रोक्सी) नियुक्त गरेको पाइएमा त्यस्ता सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरू बदर हुनेछन् ।

६. नाबालक वा मानसिक रूपले अशक्त शेयरधनीहरूको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरूले सभामा भाग लिन सक्नु हुनेछ । शेयरधनीहरूको दर्ता किताबमा संरक्षकको रूपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

७. आफनो नाममा रहेको शेयर संख्या भन्दा बढी शेयर संख्या उल्लेख गरी प्रतिनिधि-पत्र (प्रोक्सी) दिएमा तथा प्रतिनिधि-पत्र (प्रोक्सी) मा शेयरधनीको हस्ताक्षर यस बैंकको शेयरधनी रेकर्ड अनुसार नमिलेको अवस्थामा त्यस्तो सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरू स्वतः बदर हुने छन् ।

८. संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले कम्तीमा ३०० कित्ता शेयर लिएको हुनुपर्नेछ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३, अन्य प्रचलित कानून तथा बैंकको संचालक निर्वाचन कार्यविधी सम्वन्धी निर्देशिका, २०७४ बमोजिम योग्य हुनुपर्नेछ ।

९. संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले निर्वाचन अधिकृतद्धारा प्रकाशित निर्वाचन कार्यक्रम अनुसार तोकिएको मिति तथा समयमा बैंकको केन्द्रिय कार्यालयमा एकजना शेयरधनी प्रस्तावक र अर्को एकजना समर्थक सहित तोकिएको ढाँचामा आफ्नो उम्मेदवारी दर्ता गर्नुपर्नेछ । उम्मेदवारीबाट आफ्नो नाम फिर्ता लिन चाहेमा तोकिएको ढाँचा र समयमा दरखास्त दर्ता गर्नु पर्नेछ । तर अध्यक्षले अनुमति दिएमा यस्ता उम्मेदवारले सो समयपछि पनि आफ्नो नाम फिर्ता लिन सक्नेछन् ।

१०. सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने एक जना संचालकको निर्वाचन सम्वन्धि बिस्तृत कार्यक्रम बैंकको केन्द्रिय कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौमा अवस्थित शेयर बिभागको सुचना पाटीमा निर्वाचन हुने दिन भन्दा ९ दिन अगावै टाँस गरे बमोजिम हुनेछ ।

११. यस बैंकको संचालक निर्वाचन निर्देशिका शेयरधनीहरूले यस बैंकको शेयर शाखाबाट रू. ३०० शुल्क तिरी प्राप्त गर्न सक्नु हुनेछ ।

१२. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभा स्थलमा आउँदा झोला, ब्याग जस्ता बस्तुहरू नलिई आउनु हुन अनुरोध गरिन्छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

**द्रष्टव्य :** बैंकको वार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनीमहानुभावहरूलाई हुलाक/कुरियर वा इमेल मार्फत पठाईनेछ । कारणवश उक्त प्रतिवेदन प्राप्त हुन नसकेमा बैंकको नयाँ वानेश्वर, काठमाण्डौ स्थित शेयर विभागबाट प्राप्त गर्न सक्नुहुनेछ । साथै साधारणसभासँग सम्वन्धित वार्षिक प्रतिवेदन र छलफलका विषयहरू यस बैंकको वेबसाइट **www.sc.com/np** मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न तथा प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।